सम्पर्क नं. ९८५७०६८५६८

# माथागढी गाउँपालिका
## Mathagadhi Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

## कोभिड - १९ विशेष ७५% अनुदान कार्यक्रमका लागि इच्छुक कृषक/कृषक समुह/कृषि सहकारीहरुको लागि सूचना !

सूचना नं.६८।२०७६।०७७ प्रथम पटक प्रकाशित मिति : २०७७।०२।२२

माथागढी गाउँपालिकाको आ.व २०७६/०७७ मा कोभिड-१९ विशेष ७५% अनुदान कृषि कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक/कृषक समुह/कृषि सहकारी वा कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्वन्धित वडा कार्यालयमा तपशिलको विवरण पेश गर्नुहुन इच्छुक सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

| क्र.स | विवरण | कार्यक्रम खर्च मापदण्ड | ७५ % अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कोभिड लक्षित व्यवसायिक तरकारी खेति प्रवर्द्धन कार्यक्रम | न्यूनत्तम २ रोपनीमा तरकारी खेती गरेको हुनुपर्ने | प्रति अनुदानग्राही अधिकत्तम रु.२०,००० ।- | व्यवसायिक तरकारी खेति गर्नका लागि आवश्यक पर्ने वीउ, मल, विषादी, स-साना कृषि औजारहरु, बाली संरक्षण सामाग्री, स्प्रेयर र सिचाईका लागि आवश्यक सामाग्री खरिद गर्नुपर्ने । |
| २ | विदेशबाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम | न्यूनत्तम ३ रोपनी मा खेति गर्नुपर्ने । मौरीपालनको हकमा ३ घार, च्याउखेतीको हकमा ५० गोला, कुखुरापालनको हकमा ५० चल्ला, बङगुर तथा बाखा पालनको हकमा ५ वटा कम्तिमा हुनुपर्ने । | प्रति अनुदानग्राही अधिकत्तम रु.२०,०००।- | कार्यक्रममा सहभागीले मौरीपालन, च्याउ खेति, कुखुरापालन, बङगुरपालनका लागि आवश्यक पर्ने वीउ, मल, विषादी, र कृषि सामाग्रीका साथै पाठापाठी तथा खोर निर्माण लगायतका कार्य गर्नुपर्ने । |
| ३ | बालीको उत्पादन र उत्पादकत्व वृद्धिका लागि वीउ उत्पादक समुह वा सहकारीलाई प्रोत्साहन कार्यक्रम | प्रतिरोपनीमा वीउ उत्पादन गरेवापत रु.१००० | प्रति अनुदानग्राही अधिकत्तम रु.२०,००० ।- | वीउ उत्पादक समुह, सहकारीले मूल वीउ वा स्रोत विउ खरिद रासायनिक मल, विषादी र प्याकिङ्का लागि चाहिने बोरा तथा अन्य सामाग्री खरिद गर्नुपर्नेछ । |

**पेश गर्नुपर्ने कागजातहरु :**

१.निवेदन फाराम ।

२.निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्र वा विदेशबाट फर्केको भए प्रमाणपत्रको फोटोकपी ।

३.अनुसुची ४ अनुसारको ढाँचामा प्रस्ताव पत्र ।

४.सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

२०७७/२/२२

.......................................
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**